## काठमाडौं महानगरपालिका क्षेत्रभित्रका मुख्य मुख्य सडकहरुमा आधुनिक सडक बत्ति जडान सम्बन्धी काठमाडौं महानगरपालिका, नेपाल विद्युत प्राधिकरण र सडक विभागबीच माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री वसन्तकुमार नेम्बाङ्ग्ज्यू र काठमाडौं महानगरपालिकाका मेयर श्री विद्या सुन्दर शाक्यज्यूको उपस्थितिमा गरिएको

## सहमतिपत्र

काठमाडौं महानगरपालिका संघीय राजधानी शहर तथा देशको जेठो महानगरपालिका हो । राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत परिचित ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु रहेको आर्थिक, शैक्षिक, पर्यटकीय केन्द्र पनि हो । यस महानगरमा विभिन्न किसिमका शैक्षिक, स्वास्थ्य, आर्थिक लगायतका सेवा सुविधा उपलब्ध भएका कारणले जनसंख्या र सवारी साधनको उच्च चाप रहेको छ । यातायात व्यवस्थापन तथा शान्ति सुरक्षा कायम गर्न तथा सामाजिक सुरक्षा लगायतका सेवा सुविधाहरुलाई चुस्त दुरुस्त राख्न सडक बत्ती व्यवस्थापन गर्न अपरिहार्य छ । यसै उद्देश्य प्राप्त गर्न र शहरी सौन्दर्य अभिवृद्धि गर्न काठमाडौं महानगरपालिका क्षेत्रभित्रका मुख्य मुख्य सडकहरुमा आधुनिक सडक बत्ति जडान गर्न उपलब्ध श्रोत साधन तथा प्रविधिको अधिकतम प्रयोग गरी बत्ती जडान कार्य शिघ्र शुरु गर्ने र आवश्यकता अनुसार निरन्तर विस्तार गर्दै आपसी समन्वय, सहकार्य र एकरुपता कायम गर्न काठमाडौं महानगरपालिका, नेपाल विद्युत प्राधिकरण र सडक विभागबीच तपसिलका बुदाहरुमा उल्लेख भए अनुसार सहमति भएको छ ।

तपसील:

१. काठमाडौं महानगरपालिका, क्षेत्रभित्रका मुख्य मुख्य सडकहरुमा जडान गरिने आधुनिक सडक बत्तीहरुमा काठमाडौं महानगरपालिका र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा गर्ने र लगानीको अनुपात काठमाडौं महानगरपालिकाको ६० प्रतिशत र नेपाल विद्युत प्राधिकरणको ४० प्रतिशत रहने । चालु आ.व.मा नेपाल विद्युत प्राधिकरणको ४० प्रतिशत लगानीको लागी आवश्यक रकम काठमाडौं महानगरपालिकाले उपलब्ध गराउने र उक्त रकम आगामी कार्यक्रममा नेपाल विद्युत प्राधिकरणले गर्ने लगानीमा समायोजन गर्ने ।

२. यस कार्यका लागि लागत अनुमान तयार गर्ने, प्रविधिको छनौट गर्ने, खरिद कार्य गर्ने तथा निर्माण कार्यको सुपरिवेक्षण गर्ने लगायतका कार्य नेपाल विद्युत प्राधिकरणले गर्ने । यस आयोजनाको निर्माण कार्य पश्चात मर्मत गर्नुपर्ने सडक, फुटपाथ लगायतको मर्मत कार्य सडक विभागले गर्ने ।

३. सडक विस्तार हुन सक्ने वा विस्तारका योजना भएका सडक लगायत आवश्यकता अनुसारको सडकमा पोल राख्ने स्थानको अनुमति सडक विभागले दिने ।

४. सडक वत्ती जडान, सञ्चालन लगायतका विषयमा समन्वय, अनुगमन तथा रिपोर्टिङ गर्न तीनवटै कार्यालयका प्रतिनिधि सम्मिलित हालको संयन्त्रलाई निरन्तरता दिने । सोही संयन्त्रले सडक वत्तीहरुको संम्भाव्य विस्तार स्थलहरुको पहिचान, अध्ययन गरी ४५ दिन भित्र प्रतिवेदन पेश गर्ने ।

५. नयाँ सडक वत्तीहरुको जडान पश्चात जगेडा हुने सोलार प्यानल लगायत सामानहरुको जगेर्ना गर्दै पुर्नप्रयोगको व्यवस्था मिलाउने ।

| | | |
|---|---|---|
| राजेश्वर ज्ञवाली<br>प्रमुख प्रशासकीय अधिकृत<br>काठमाडौं महानगरपालिका | हितेन्द्र देव शाक्य<br>का.मु. कार्यकारी निर्देशक<br>नेपाल विद्युत प्राधिकरण | २०७७/०८/२५<br>केशवकुमार शर्मा<br>महानिर्देशक<br>सडक विभाग |

इति संवत २०७७ साल मङ्सिर महिना २५ गते रोज ५ शुभम् ।